अनुसूची- २
(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# भजनी नगरपालिका , कैलाली

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ७ प्रमाणिकरण मिति :२०८१/०६/०६ प्रकाशन मिति :२०८१/०६/०६

## भाग – २

## भजनी नगरपालिका नगर खेलकुद विकास (व्यवस्थापन) कार्यविधि, २०८१

**प्रस्तावनाः** भजनी नगरपालिकामा खेलकुद खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको व्यवसायिक सुरक्षा, संरक्षण र सम्वृद्धि, विभिन्न राष्ट्रिय एवम अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न वाञ्छनीय भएकोले,स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर सभाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद- १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "भजनी नगरपालिका नगर खेलकुद विकास (व्यवस्थापन)कार्यविधि,२०८१" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

### परिच्छेद- २
### परिभाषा

२. परिभाषा विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले भजनीनगरपालिका नगर खेलकुद विकास (व्यवस्थापन) कार्यविधि अन्तर्गत गठन हुने समितिको अध्यक्ष सम्झनुपर्छ |

(ख) "नगरपालिका" भन्नाले भजनीनगरपालिकालाई सम्झनुपर्छ।

(ग) "प्रमूख "भन्नाले भजनीनगरपालिकाको प्रमूख लाई सम्झनुपर्छ।

(घ) "उपप्रमूख"भन्नाले भजनीनगरपालिकाको उप प्रमुखलाई सम्झनुपर्छ।

(ङ) "प्रमूख प्रशासकीय अधिकृत" भन्नाले भजनीनगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि र कार्यविधि अन्तर्गत बनेको नियममातोकिए बमोजिम सम्झनुपर्छ।

(छ) “सल्लाहकार समिति” भन्नाले दफा ३ बमोजिम गठित भजनीनगरपालिका नगर खेलकुद विकास सल्लाहकार समितिलाई सम्झनु पर्दछ ।

(ज) “समिति” भन्नाले दफा ४ बमोजिम गठित भजनीनगरपालिका नगर खेलकुद विकास (व्यवस्थापन) समितिलाई सम्झनुपर्छ |

(झ) "सदस्य" भन्नाले यस कार्यविधि बमोजिमको समितिको सदस्यलाई सम्झनुपर्छ ।

(ञ) "सदस्य–सचिव"भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समितिको सदस्य सचिवलाई समेत सम्झनु पर्दछ ।

## परिच्छेद-३
## सल्लाहकार समिति र खेलकुद बिकास समिति

३. भजनी नगरपालिका नगर खेलकुद विकास सल्लाहकार समितिः

(१) नगरपालिकामा खेलकुदको विकास गर्नको लागि देहाय बमोजिमको नगर खेलकुद विकास सल्लाहकार समिति गठन हुनेछ ।

(क) नगरपालिकाको नगर प्रमुख...........................................................अध्यक्ष

(ख) नगरपालिकाको नगर उपप्रमुख......................................................सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत .............................................................सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक...............................................सदस्य

(ङ) जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वा प्रतिनीधि....................... सदस्य

(च) ईलाका प्रहरी कार्यालय भजनीका प्रमुख ..........................................सदस्य

(छ) जिल्लास्तरमा खेलकुदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई काम गरेको व्यक्ति मध्ये कम्तिमा एक जना महिला सहित समितिका अध्यक्षले तोकेको दुई जना ................ सदस्य

(ज) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख .............................................सदस्य सचिव

४. भजनी नगरपालिका नगर खेलकुद विकाससमितिः

(१) खेलकुदको बिकासको लागी देहाय बमोजिमको एक नगरपालिका स्तरीय खेलकुद बिकाससमिति गठन गरिनेछ ।

(क) खेलकुदको क्षेत्रमा जिल्ला वा प्रदेश वा रास्ट्रिय तथा अन्तरास्ट्रिय स्तरमा ख्याती प्राप्त पूर्व खेलाडी वा प्रशिक्षक मध्ये कम्तिमा १० बर्ष देखी खेलकुदको क्षेत्रमा क्रियाशील रहेका व्यक्तिहरु मध्ये भजनी नगरपालिकाका नगर प्रमुखद्धारा मनोनित व्यक्ति..............................अध्यक्ष

(ख) वडा अध्यक्ष वा कार्यपालिकाका सदस्यहरु मध्य नगर प्रमुखले मनोनित एक जना महिला सहित २ जना ..........................................................................................सदस्य

(ग) नगरपालिका क्षेत्रका क्रियाशिल युवा क्लवहरुबाट प्रतिनिधित्व हुने गरीसल्लाहकार समितिले सिफारिस गरेका २ जना महिला सहित ५ जना .....................................सदस्य

(घ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले तोकेको कर्मचारी .....................सदस्य सचिव

(२) समितिको बैठकमा खेल क्षेत्रसंग सम्बन्धित विज्ञ तथा सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि नगरपालिकाका सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) आवश्यकता अनुसार नगरपालिकाको हरेक वडामा ७(सात) सदस्यीय वडा स्तरीय खेलकुद बिकास समिति गठन गर्न सकिनेछ |

## परिच्छेद-४
## काम, कर्तव्य र अधिकार

५. समितिको काम, कर्तव्य र अधिकार : दफा ४ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय, जिल्ला, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरु आयोजना गर्ने,

(ख) अन्तर नगर, जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनसुार अन्य पदाधिकारीलाई पठाउने ।

(ग) खेलकुदको विकास प्रवर्द्धन, अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने गराउने ।

(घ) रङ्गशाला, खेलकुद मैदान तथा अन्य खेलकुद संरचनाको निर्माण, संञ्चालन, संरक्षण तथा रेखदेख गर्ने गराउने,

(ङ) प्रतिष्ठान तथा शिक्षण संस्थामा खेलकुद प्रशिक्षण लगायतका कार्य गर्न आवश्यक सहयोग गर्ने

(च) आवश्यकता अनुसार उप-समिति गठन गर्ने,

(छ) आफनो तह र मातहतका खेलकुद सम्बन्धि संघसंस्थाको नियमन गर्ने,

(ज) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृत्ति प्रदान गर्नको लागि नगरपालिका समक्ष सिफारिस गर्ने

(झ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ञ) फरक क्षमता भएका व्यक्तिको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता संञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(ट) खेलकुद विकासको लागि गोष्ठी, सेमीनार आयोजना गर्ने,

(ठ) खेलकुद पर्यटनको विकास गर्ने,

(ड) परम्परागत खेलकुदको संरक्षण र प्रर्वद्धन गर्ने,

(ढ) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने ।

(२) यस अघि अन्य निकायमा दर्ता, सूचिकरण र अध्यावधिक रहेका खेलकुद सम्बन्धी नगरपालिका क्षेत्र भित्रका संघ संस्थाहरु यस कार्यविधि बमोजिम सुचिकृत तथा अभिलेखीकरण गर्नु पर्नेछ ।

६. अध्यक्षको काम, कर्तव्य र अधिकार : अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन गर्ने,

(ख) बैठकको अध्यक्षता गर्ने,

(ग) समितिलाई खेलकुद सम्बन्धि नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने,

(घ) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गर्न लगाई समितिमा पेश गर्ने,

(ङ) समितिको बार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने,

७. सदस्यको काम, कर्तव्य र अधिकार : सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बैठकमा सहभागी हुने,

(ख) बैठकले तोकेको अन्य कार्य गर्ने,

८. सदस्य सचिवको काम, कर्तव्य र अधिकार सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिमहुनेछः

(क) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने, गराउने,

(ख) खेलकुद समिति सम्बन्धमा नीति निर्माण गर्ने कार्यमा सहयोग गर्ने,

(ग) समितिको बैठकको निर्णय प्रमाणिकरण एवं कार्यान्वियन गर्ने, गराउने,

(घ) समितिबाट स्विकृत खेलकुद सम्बन्धि नीति, योजना र कार्यक्रम कार्यान्वियन गर्ने, गराउने,

(ङ) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरि समिति समक्ष पेश गर्ने,

(च) वार्षिक प्रतिवेदन तयार गरि समिति समक्ष पेश गर्ने,

(छ) खेलाडीको अभिलेख राख्ने,

(ज) समितिले तोकेको अन्य कार्य गर्ने, गराउने,

## परिच्छेद-४
## समितिको बैठक र निर्णय

९. समितिको बैठक र निर्णय

(१) अध्यक्षको निर्देशन अनसुार सदस्य सचिवले मिति, समय र स्थान तोकी आवश्यकतानुसार समितिको बैठक बोलाउनु पर्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकको अध्यक्षता समितिको जेष्ठ सदस्यले गर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागिगणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ ।

(५) बैठकका निर्णयहरु सामान्तया सर्ब सम्मत रुपमा गरिनेछ, मत बराबर भएमा बहुमतबाट निर्णय गरिनेछ |

(६) बैठकको निर्णयको प्रमाणित प्रति सबै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ |

(७) बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद-५
## योग्यता तथा पदावधी

१०. समितिका पदाधिकारीहरुको योग्यता देहाय बमोजिम हुनेछ :-

(क)नेपाली नागरिक हुनु पर्ने,

(ख) साहुको ऋण तिर्न नसकी दामासाहीमा नपरेको व्यक्ति,

(ग)नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको हुनुपर्ने,

(घ)मानसिक सन्तुलन नबिग्रिएको,

(ङ)पदेन सदस्य बाहेक अन्य सदस्य २१ बर्ष पुरा भएको,

(च) सरकारी वा गैर सरकारी निकायमा बहालवाला कर्मचारी नभएको,

११. पदावधि : भजनीनगरपालिका खेलकुद विकास (व्यवस्थापन) समितिका मनोनीत सदस्यको पदावधि मनोनित भएको मितिले तीनवर्षको हुनेछ ।

१२. सदस्यता समाप्त हुने अवस्था : देहायको अवस्थामा समितिको सदस्यको पद रिक्त भएको मानिनेछ ।

(क) राजिनामा दिएमा,

(ख) नैतिक पतन हुने फौजदारी अभियोग लागेमा,

(ग) सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा,

(घ) मृत्यु भएमा ।

(ङ) स्थानीय तहको निर्वाचन भएमा समितिका पदाधिकारीहरुको पदावधि स्वतः समाप्त हुनेछ |

(च) समितिको कुनै सदस्यले कार्यबिधि अनुसारको काम, कर्तब्य र आचरणको पालना गरेको छैन भन्ने लागेमा मनोनित वा नियुक्त गर्ने निकायले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ | तर त्यसरी पदमुक्त गर्दा सम्बन्धित सदस्यलाई सफाईको उचित मौका दिनु पर्नेछ |

परिच्छेद-६

समन्वय र सहकार्य

१३. समन्वय र सहकार्य गर्ने

(क) नगर क्षेत्रको खेलकुद विकासको लागि नगरपालिकाले जिल्ला खेलकुद विकास समिति, प्रादेशिक खेलकुद विकास समिति, राष्ट्रिय खेलकुद परिषद लगायतका खेलकुदसंग सम्बन्धित व्यावसायिक संघसंस्थासंग समन्वय र सहकार्य गर्न सक्नेछ ।

(ख)खेलकुद सम्बन्धी संस्थाले राष्ट्रिय तथा अन्तरास्ट्रिय खेलकुद प्रतियोगिता वा खेलकुद बिषयको सभा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा अन्तर नगर, जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा खेलकुद बिषयको सभा सम्मेलनमा अन्य देशको खेलाडी वा पदाधिकारीलाई आमन्त्रण गर्न प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ |

१४. सदस्यको भत्ता: दफा ४ बमोजिम गठित समितिका सदस्यहरूले समितिको बैठकमा भाग लिए वापत नगरपालिकाले तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् |

परिच्छेद-७

विविध

१५.सजाय र कारबाही: यस कार्यविधि, प्रदेश, राष्ट्रिय खेलकुद सम्बन्धि ऐनमा भएको व्यवस्थालाई पालना नगर्ने समितिका पदाधिकारी, खेलाडी, प्रशिक्षक, व्यवस्थापक र रेफ्रीलाई संघ, प्रदेशको प्रचलित कानून अनुसार सजाय र कारबाहीको लागी सिफारिस गरिनेछ |

१६. यस कार्यविधि बमोजिम हुने : यस कार्यविधिमा लेखिएका कुरामा यसै कार्यविधि बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत